**CORPORATE OFFICE**
Thirbam Sadak, Tangal, Kathmandu
Phone: +977-01-4443075/76
Email: info@kumaribank.com
Website: www.kumaribank.com
SWIFT: KMBLNPKA

प.लि.द.नं.:- ७२३/०५६/५७

प.च.नं.:-केबिएल/क.स./५४/२०८०/८१

मितिः२०८०/११/०३

श्रीमान् रजिष्ट्रारज्यू,
श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर,काठमाण्डौं ।

**विषय : कम्पनी ऐन, २०६३ को दफा ८०(१) बमोजिम विवरण पेश गरिएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८०/१०/२८ गते यस कुमारी बैंक लि.को तेईसौं वार्षिक साधारण सभा सम्पन्न भएको जानकारी गराउदै सो सभामा उपस्थित शेयरधनीहरुको संख्या, वार्षिक आर्थिक विवरण, संचालक समिति र लेखापरीक्षकको प्रतिवेदन र सभाबाट पारित निर्णयको १(एक) प्रति प्रतिलिपि सहित कम्पनी ऐन, २०६३ को दफा ८०(१) बमोजिम साधारण सभाको विवरण पेश गरिएको व्यहोरा अनुरोध छ ।

निवेदन साथ संलग्न विवरणहरु :

१.कम्पनी ऐन,२०६३ को दफा ८०(१) बमोजिम तेईसौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनीहरुको संख्या, वार्षिक आर्थिक विवरण, संचालक समिति र लेखापरीक्षकको प्रतिवेदन र सभाबाट पारित निर्णयको विवरण - १ थान ।

२. आ.ब.२०७९/८० को लेखापरीक्षण प्रतिवेदन - १ थान ।

**निवेदक**

Authe

कम्पनी सचिव

KUMARI BANK LTD. CORPORATE OFFICE

**बोधार्थ :**

१) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौं ।
२) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण विभाग, बालुवाटार, काठमाण्डौं ।
३) श्री नेपाल धितोपत्र वोर्ड, खुमलटार, ललितपुर ।
४) श्री नेपाल स्टक एक्सचेन्ज लि., सिंह दरवार प्लाजा, काठमाण्डौं ।
५) श्री सि.डि.एस.एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाण्डौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

# कुमारी बैंक लि.

# को

# तेईसौं वार्षिक साधारण सभाको

# निर्णय विवरणहरु

# (माईन्यूट)

२०८०/१०/२८

KUMARI BANK LTD.
CORPORATE OFFICE

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि



# कुमारी बैंक लिमिटेड
## को
## तेईसौं वार्षिक साधारण सभाको निर्णय विवरण (माईन्यूट)

श्री कुमारी बैंक लिमिटेडको तेईसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अमिर प्रताप ज.ब.राणाज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

**१) सभाको मिति, स्थान र समय :**

मिति : २०८० साल माघ महिना २८ गते आइतबार (तद्नुसार ११ फेब्रुवरी २०२४)
स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लव, टुँडिखेल, काठमाण्डौं ।
समय : बिहान ११:०० बजे ।

**२) सभाको सूचना :**

(क) बैंकको मिति २०८०/०९/२४ मा बसेको सञ्चालक समितिको बैठकले निर्णय अनुसार तेईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार मिति २०८०/१०/०१ गतेको आर्थिक कारोबार राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०८०/१०/१० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा दोस्रो पटक सार्वजनिक सूचना प्रकाशित गरिएको ।

(ख) बैंकको तेईसौं वार्षिक साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन सम्बन्धित नियमनकारी निकाय जस्तै नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्टारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, सिडिएसि एण्ड क्लियरिङ्ग लिमिटेडलाई पत्राचार गरिएको ।

**३) सभामा प्रस्तुत छलफलका विषयहरु :**

**छलफलका विषयहरु:**

**क. सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको आ.व.२०७९/८० वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८० को वासलात, आ.व.२०७९/०८० को नाफानोक्सान हिसाव र सोहि अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेड र के.बी.एल. सेक्यूरिटिज लि.को आ.व.२०७९/०८० को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने ।



KUMARI BANK LTD. CORPORATE OFFICE

४. कम्पनी ऐन २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. बैंकको संचालक समितिमा प्रतिनिधित्व हुने संस्थापक समूहका शेयरधनीहरुबाट संचालक पद संख्या ३(तीन) तथा सर्वसाधारण समूहका शेयरधनीहरुबाट संचालक पद संख्या ३(तीन) जना गरी ६(छ) जना संचालकहरुको निर्वाचन गर्ने (प्रचलित कानुन तथा बैंकको नियमावली समेत बमोजिम उपरोक्त कुल ६(छ) जना मध्ये एक जना महिला संचालकको लागि निर्वाचन हुने) ।

**ख. विशेष प्रस्ताव**

१. बैंकले आ.व.२०७९/०८० मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गरिएकोमा कम्पनी ऐनको दफा १०५(१)(ग) बमोजिम भएको खर्चलाई अनुमोदन गर्ने ।

**ग. विविध ।**

**४) सभामा उपस्थिति (कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम) :**

**(क) सञ्चालकहरुको उपस्थिति**

| | |
|---|---|
| १) श्री अमिर प्रताप ज.ब.राणा | अध्यक्ष |
| २) श्री उपेन्द्रकेशरी न्यौपाने | सञ्चालक |
| ३) श्री कृष्ण प्रसाद ज्ञवाली | सञ्चालक |
| ४) श्री चन्द्र प्रसाद बास्तोला | सञ्चालक |
| ५) श्री महेश प्रसाद पोखरेल | सञ्चालक |
| ६) श्री इमान सिंह लामा | सञ्चालक |
| ७) श्री बिजय स्थापित | स्वतन्त्र सञ्चालक |

**(ख) बैंक पदाधिकारीहरुको उपस्थिति :**

१) श्री रामचन्द्र खानाल - प्रमुख कार्यकारी अधिकृत
२) श्री अश्विन बाबु श्रेष्ठ - कम्पनी सचिव

**५) सभाको गणपूरक संख्या :**

| | |
|---|---|
| बाँडफाँड तथा बिक्री भएको कुल शेयर संख्या | २६,२२,५८,६१३ कित्ता |
| आवश्यक न्यूनत्तम गणपुरक शेयर संख्या | १३,११,२९,३०७ कित्ता |
| स्वयं उपस्थिति शेयर संख्या | १,६२,०७,०१६ कित्ता |
| प्रतिनिधि मार्फत उपस्थिति शेयर संख्या | १३,८८,२२,३४५ कित्ता |
| जम्मा उपस्थित शेयर संख्या | १५,५०,२९,३६१ कित्ता |
| जम्मा उपस्थित शेयर प्रतिशत | ५२.९३ % |
| शेयरधनी स्वयं उपस्थिति | ५८४ जना |
| प्रतिनिधि मार्फत | १०३० जना |
| जम्मा उपस्थित शेयरधनी संख्या | १,६१४ जना |



KUMARI BANK LTD. CORPORATE OFFICE

***कुमारी बैंक लि., तेईसौं वार्षिक साधारण सभाको निर्णय विवरण (माईन्यूट) मिति : २०८०/१०/२८***

सभामा उपस्थित भएका उपरोक्त शेयरधनीहरु कम्पनी ऐन, २०६३ को दफा ७१ वमोजिम सभामा भाग लिन तथा मतदान गर्न योग्य रहेका थिए ।

**६) सभाको वैधानिकता :**

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ५ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार विहान ११:०० बजेसम्म कूल शेयर संख्या २६,२२,५८,६१३ कित्ताको ५०% भन्दा बढी शेयर संख्याको स्वयं तथा प्रतिनिधि मार्फत तीन जना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको व्यहोरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदा सम्मको हाजिरी अभिलेख अनुसार १५,५०,२९,३६१ कित्ता संख्याको शेयरधनी तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

**७) सभाको अध्यक्षता :**

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री अमिर प्रताप ज.ब.राणाज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भए बमोजिम वहांले अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै, सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित बैंकका पदाधिकारीहरु एवं शेयरधनीहरु सबैलाई आ–आफ्नो स्थानमा आसन ग्रहण गरी दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहांहरुले समेत आसन ग्रहण गर्नुभयो ।

**८) अध्यक्षज्यूको मन्तव्य :**

सभामा स्वयं तथा प्रोक्सी मार्फत उपस्थित शेयरधनीहरुलाई स्वागत गर्दै सभामा प्रस्तुत विषयसूचीहरु, साथै चालु आ.व.को दोस्रो त्रैमाससम्मको उपलब्धि तथा भावी योजनाहरुको बारेमा संक्षिप्त रुपमा प्रतिवेदन प्रस्तुत गर्नुभयो । विस्तृत प्रतिवेदन शेयरधनीहरुलाई पहिले नै पठाईनुका साथै बैंकको वेभसाईटमा राखिएको थियो । साथै विद्यमान तरलताको असहजताको कारण सृजना भएको विषम परिस्थितिमा समेत बैंकबाट प्रवाह हुने बैकिङ्ग सेवाहरुलाई थप प्रभावकारी बनाउदै, सेवाग्राहीहरुलाई परेको समस्या समाधान गर्दै, बैंकलाई थप सफलता दिलाउने तर्फ बैंकको सञ्चालक समिति एवं बैंक व्यवस्थापन समेत कटिवद्ध रहेको व्यहोरा अनुरोध गर्दै यस वार्षिक साधारण सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरु छलफल गरी सर्वसम्मत पारित गरिदिन अनुरोध गर्नुभयो ।

साथै, समीक्षा वर्षमा मर्जर पश्चात दुवै बैंकबाट प्रतिनिधित्व रहने गरी मिति २०७९/०९/१७ गते ६(छ) जना संचालकहरु मनोनित भई नयाँ संचालक समिति गठन भएको, यस बैंकको संचालक समितिमा १(एक) जना महिला संचालक सहित स्वतन्त्र संचालक समेत ७ जनाको संचालक समिति हुने नियमावलीको व्यवस्था बमोजिम संचालक समितिले मिति २०८०/०९/११ गते एक जना स्वतन्त्र संचालक नियुक्ति गरिएको व्यहोरा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४(३) बमोजिम २३औं वार्षिक साधारण सभालाई जानकारी गराउनु भयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

***कुमारी बैंक लि., तेईसौं वार्षिक साधारण सभाको निर्णय विवरण (माईन्यूट) मिति : २०८०/१०/२८***

**९) छलफलका लागि आव्हान :**

साधारण सभामा निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले साधारण सभाको लागि निर्धारित विषयवस्तु उपर आफ्नो धारणा राख्न इच्छुक शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

**१०) छलफलमा सहभागी हुने शेयरधनीहरु र व्यक्त धारणा, जिज्ञासा, तथा सुझाव :**

छलफलमा सहभागी हुनुभएका शेयरधनीहरुबाट व्यक्त विचार, धारणा, जिज्ञासा तथा सुझावहरुलाई सारांशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ :–

१. श्री शत्रुघन श्रेष्ठले संस्थागत सामाजिक उत्तरदायित्व अन्र्तगतको खर्चमा विचार गरी खर्च गर्न, खराब कर्जा असुली तथा अनावश्यक खर्चहरु कटौती गरी आगामी साधारण सभाबाट शेयरधनीहरुलाई प्रतिफल दिने गरी कार्य गर्न सुझाब दिनु भयो । शेयरधनीहरुको माग र चाहना अनुरुप केन्द्रीय कार्यालय भवन निर्माण शुरु भएकोमा धन्यवाद दिदै बैंकको थप सफलताको कामना तथा सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

२. श्री चन्द्र नारायण श्रेष्ठले आगामी साधारण सभाबाट शेयरधनीहरुलाई प्रतिफल दिने गरी कार्य गर्न तथा सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

३. श्री उत्तम दत्त पाण्डेले आगामी साधारण सभाबाट प्रतिफल दिने गरी कार्य गर्न तथा सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

४. श्री गोगन बहादुर पराजुली क्षेत्रीले खर्चमा मितव्ययिता अपनाउन, बैंकर्स संघसँग समन्वय गरी काम गर्न सुझाव दिंदै बैंकको प्रगतिको शुभकामना गर्दै सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

५. श्री गुणराज भट्टले खर्च कटौती गर्न, खराब कर्जा असुलीमा विशेष ध्यान दिन, आगामी दिनमा शेयरधनीलाई प्रतिफल दिन सक्ने गरी कार्य गर्न सक्नुहोस् भनी बैंकको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्नुभयो र सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

६. श्री ब्रम्हदेव शाक्यले आगामी दिनमा लाभांश दिन सक्ने गरी कार्य गर्न सुझाव दिदै बैंकको उत्तरोत्तर प्रगतिको कामना र सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

७. श्री लवराज जोशीले खराव कर्जा असुली, अनावश्यक खर्च कटौती गर्दै आगामी दिनमा लाभांश दिन सुझाब दिंदै सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

८. श्री डमरु वल्लभ घिमिरेले बैंकको आफ्नै भवन निर्माण शुरु भएकोमा संचालक समिति र बैंक व्यवस्थापनलाई धन्यवाद दिनु भयो । सभाको सफलता, बैंकको प्रगतिको कामना सहित बैंक व्यवस्थापन र कर्मचारी वर्गलाई धन्यवाद दिदै सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

*कुमारी बैंक लि., तेईसौं वार्षिक साधारण सभाको निर्णय विवरण (माईन्यूट) मिति : २०८०/१०/२८*

९. श्री व्यास कुमार शर्माले संस्थागत सुशासन र कर्मचारीको मनोवल बढाउन सुझाव दिदैं आगामी दिनमा शेयरधनीहरुलाई प्रतिफल दिन कार्ययोजना बनाई कार्य गर्न सुझाब दिदै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नु भयो । सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

१०.श्री सुदिप श्रेष्ठले सभालाई सम्बोधन गर्दै आगामी दिनमा लाभांश दिन सकोस् भनी सुझाब दिंदै सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

११.श्री माधव प्रसाद सिम्खडाले आगामी दिनमा लाभांश दिने गरी कार्य गर्न सुझाव दिदै सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

१२.कर्मचारी संचय कोषका प्रतिनिधि श्री रामचन्द्र पोखरेलले सभालाई सम्बोधन गर्दै खराब कर्जा असुली तथा अनावश्यक खर्चहरु कटौती गरी आगामी साधारण सभाबाट शेयरधनीहरुलाई प्रतिफल दिने गरी कार्य गर्न सुझाब दिनु भयो । बैंकको थप सफलताको कामना तथा सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

१३.श्री निरुपमा गुप्ताले आगामी दिनमा शेयरधनीलाई प्रतिफल दिने गरी कार्य गर्न सुझाव दिंदै सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

१४.श्री भक्ति प्रसाद उप्रेतीले आगामी वर्ष साधारण सभा समय गर्न, बैंकको खर्च जोगाउन वा कम गर्नु पर्ने, कर्जा असुलीमा गम्भीर भई लाग्न सुझाव दिंदै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो । सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

१५.श्री धुबराज न्यौपानेले कर्जा असुलीमा गम्भीर भई लाग्न सुभाव दिंदै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना सहित सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

१६.श्री कृष्ण प्रसाद अधिकारीले वार्षिक प्रतिवेदनमा नेपाली भाषाको मात्र प्रयोग गर्न सुझाव दिंदै आगामी वर्ष लाभांश दिने गरी कार्य गर्न सुझाव दिनु भयो । सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नु भयो ।

१७.श्री अर्जुन कुमार प्रसाईले सभालाई सम्बोधन गर्दै बैंकबाट प्रवाह भएका खराब वर्गका कर्जाको छानविन हुनुपर्ने, दोषीलाई कारवाहीको दायरामा ल्याउनु पर्ने भनी आफ्नो धारणा राख्नुभयो ।

१८.श्री महेन्द्र बहादुर श्रेष्ठले साधारण सभा सबै शेयरधनीको सभा भएकोले सबै शेयरधनीहरुलाई बोल्ने, आफ्नो भनाई राख्न पाउने अधिकार भएको, बैंक तथा वित्तीय संस्थाहरु संचालन गर्न तथा नियमन गर्नका लागि नियमकारी निकायले निश्चित कानून, नीति नियम बनाई लागू गरिएको हुने भएकोले बैंक सोही कानून नीति नियम अनुसार चल्नु पर्ने, व्यक्तिगत चाहना ईच्छामा बैंक संचालन हुन नहुने विचार व्यक्त गर्दै संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगतको खर्च नियन्त्रण गर्न, कर्जा असुलीको कार्ययोजना बनाई सिघ्र कर्जा असुलीमा

KUMARI BANK LTD. CORPORATE OFFICE

कृयाशिल हुन सुझाव दिंदै आगामी वर्ष लाभांश दिने गरी कार्य गर्न सुझाव दिनु भयो । त्यस्तै सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

१९.श्री उत्सव सुन्दर श्रेष्ठले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगतको सहयोग रकम, अभाव भएको संस्थाहरुलाई मात्र दिने व्यवस्था गर्न, संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगतको खर्च नियन्त्रण गर्न सुझाव दिदैं आगामी वर्ष लाभांश दिने गरी कार्य गर्न सुझाव दिनु भयो ।

२०.श्री शम्भु थपलियाले बैंकबाट प्रवाह भएका खराब वर्गका कर्जाको छानविन हुनुपर्ने, दोषीलाई हुनु पर्ने, आगामी वर्ष लाभांश दिने गरी कार्य गर्नु पर्ने धारणा राख्नु भयो ।

२१.श्री महेन्द्र कुमार गोयलले सभालाई सम्बोधन गर्दै बैंकबाट प्रवाह भएका खराब वर्गका कर्जा सिघ्र असुली गरी शेयरधनीहरुलाई उचित लाभांश दिने गरी कार्य भएमा आफूले सधै संचालकहरुलाई समर्थन गर्ने तथा मत दिने धारणा राख्नु भयो ।

२२.श्री नरसिंह लाल चखुं, श्री सिर्जना तिम्सिना, ई.बैजुनाथ रौनियारले लिखितरुपमा आफ्नो धारणा राख्दै खराव कर्जा असुलीमा ध्यान दिनु पर्ने धारणा राख्दै आगामी वर्ष लाभांश दिने गरी कार्य गर्न सुझाव दिदै बैंकको उत्तरोत्तर प्रगतिको कामना तथा सभाबाट निर्वाचित हुने संचालकहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

**११) सभामा व्यक्त भएका धारणा, सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरण :**

छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई अध्यक्षज्यू तथा प्रमुख कार्यकारी अधिकृतले देहाय बमोजिम जिज्ञासालाई स्पष्ट गर्नुभयो र सल्लाह सुझावलाई मनन गरी आगामी कार्य योजना बनाउने कुरा प्रस्तुत गर्नुभयो ।

शेयरधनी महानुभावहरुबाट व्यक्त मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई सकारात्मक रुपमा ग्रहण गर्ने र सम्भव भएसम्मका सल्लाह तथा सुझावहरुलाई लागू गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दै शेयरधनीहरुको सुझाव बमोजिम नै बैंकको उत्तरोत्तर प्रगतिको लागि बैंकले आफ्नो रणनीति बमोजिम कार्य गरिरहेको विश्वास दिलाउनु भयो ।

खराब वर्गका कर्जा सिघ्र असुली गर्ने कार्ययोजना बनाई कार्यान्वयनमा गैसकेको, बाहय र आन्तरिक कारण देशको अर्थतन्त्रमा परेको असरले गर्दा बैंकको वित्तीय विवरणमा समेत प्रतिकुल असर परेको, आगामी दिनमा शेयरधनीहरुलाई अधिक प्रतिफल दिन बैंक सञ्चालक समिति एवं बैंक व्यवस्थापन अथक रुपमा प्रयासरत रहेको व्यहोरा समेत जानकारी गराउनु भयो । साथै, कुमारी बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत सामाजिक दायित्व निर्वाह गर्दा नेपाल राष्ट्र बैंकको नीति निर्देशनलाई पालना गरी खर्च गर्ने गरेको जानकारी दिनु भयो ।

मर्जरको सकारात्मक तथा नकारात्मक पाटो रहेको र त्यसलाई सुधार गर्दै जानु पर्छ भन्ने विश्लेषण गरी विगतमा दुई बैंक मर्जर गरिएको, प्रतिस्पिर्धी वित्तीय बजारमा प्रतिस्पर्धा गर्न बैंकलाई बलियो बनाउन मर्ज गरिएको जानकारी दिनु भयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

*<u>कुमारी बैंक लि., तेईसौं वार्षिक साधारण सभाको निर्णय विवरण (माईन्यूट) मिति : २०८०/१०/२८</u>*

अध्यक्षज्यूले यस सभामा शेयरधनी साथीहरुबाट थुप्रै बहुमूल्य सुझावहरु दिनु भएकोले ती सुझावहरुलाई फेरी पनि सञ्चालक समिति तथा व्यवस्थापन समूह बीच छलफल गरी उपयुक्त देखिएको र सम्भव भए सम्मका सुझावहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने विश्वास दिलाउनु भयो । सम्पूर्ण शेयरधनी साथीहरुबाट प्राप्त सल्लाह, सुझाव, भावना आदिको उच्च सम्मान गर्दै आगामी दिनहरुमा समेत निरन्तर सहयोग, सल्लाह र सुझावको अपेक्षा व्यक्त गर्नु भयो । शेयरधनीहरुको जिज्ञासाको जवाफ संगै अध्यक्षज्यूले आजको साधारण सभामा संचालकहरुको निर्वाचनको कार्यक्रम रहेको र सो कार्यक्रम अन्य एजेण्डा पारित गर्ने प्रक्रिया सम्पन्न भएपश्चात निर्वाचन अधिकृतले संचालन गर्ने व्यहोरा जानकारी गराउँदै कम्पनी सचिवलाई बैठकका लागि निर्धारित अन्य एजेण्डाहरु निर्णयार्थ प्रस्तुत गर्न निर्देशन दिनु भयो ।

कम्पनी सचिवले अध्यक्षज्यूको निर्देशनानुसार सभाको निर्धारित विषयसूची बमोजिम सभामा प्रस्तावित विषयहरु निर्णयार्थ पेश गर्ने अनुमति माग्दै सभामा प्रस्तावित विषयहरुलाई निर्णयार्थ पेश गरी क्रमैसँग प्रस्ताव पारित गरिदिन अनुरोध गर्नुभयो ।

**१२) <u>सभाको प्रस्ताव तथा पारित निर्णयहरु :</u>**

**<u>क. सामान्य प्रस्ताव तर्फ :</u>**

**<u>१. सञ्चालक समितिको आ.व.२०७९/८० वार्षिक प्रतिवेदन पारित गर्ने ।</u>**

**<u>निर्णय</u>** :- सभामा निर्धारित विषय सूची नं.(क)(१) बमोजिम सञ्चालक समितिको आ.व.२०७९/८० वार्षिक प्रतिवेदन पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**<u>२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८० को वासलात, आ.व.२०७९/०८० को नाफानोक्सान हिसाव र सोहि अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।</u>**

**<u>निर्णय</u>:-** सभामा निर्धारित विषय सूची नं.(क)(२) बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८० को वासलात, आ.व.२०७९/०८० को नाफानोक्सान हिसाव र सोहि अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**<u>३. यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेड र के.वि.एल. सेक्यूरिटिज लि.को आ.व.२०७९/०८० को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने वारे ।</u>**

KUMARI BANK LTD. CORPORATE OFFICE

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

*कुमारी बैंक लि., तेईसौं वार्षिक साधारण सभाको निर्णय विवरण (माईन्यूट) मिति : २०८०/१०/२८*

**निर्णय :-** सभामा निर्धारित विषय सूची नं.(क)(३) बमोजिम यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेड र के.वि.एल. सेक्यूरिटिज लि.को आ.व.२०७९/०८० को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण छलफल गरी पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**४. कम्पनी ऐन २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।**

**निर्णय :-** सभामा निर्धारित विषय सूची नं.(क)(४) बमोजिम कम्पनी ऐन २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम आ.व.२०८०/०८१ को लागि वाहय लेखापरीक्षण तथा कर लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्न लेखापरीक्षण समितिले गरेको सिफारिसका आधारमा श्री Joshi & Bhandary, Chartered Accountants Kathmandu लाई नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो । साथै, निज लेखापरीक्षकलाई पारिश्रमिक तथा अन्य सुविधा एवं सम्पूर्ण खर्च समेतका लागि मुल्य अभिवृद्धि कर सहित रु.३०,००,०००/-(अक्षरेपी तीस लाख मात्र) प्रदान गर्ने प्रस्ताव पारित गरिदिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**५.साधारण प्रस्ताव अन्तर्गतको निर्वाचन सम्बन्धी विषयलाई विशेष प्रस्ताव पारित गरिसके पश्चात गर्ने गरी पछाडि सारिएको ।**

**ख. विशेष प्रस्ताव तर्फ**

**१. बैंकले आ.व.२०७९/०८० मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५(१)(ग) बमोजिम भएको खर्चलाई अनुमोदन गर्ने ।**

**निर्णय:-** विशेष प्रस्ताव अन्तर्गत सभामा निर्धारित विषय सूचि नं.(ख)(१) बमोजिम बैंकले आ.व.२०७९/०८० मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५(१)(ग) बमोजिम भएको खर्चलाई अनुमोदन गरिदिन अनुरोध गरेकोमा सो लाई सर्वसम्मतिले अनुमोदन गरियो ।

**संचालक समितिको निर्वाचन सम्बन्धी विवरण:**

सभामा बैंकको संचालक समितिमा प्रतिनिधित्व हुने संस्थापक समूहका शेयरधनीहरुबाट संचालक पद संख्या ३ (तीन) तथा सर्वसाधारण समूहका शेयरधनीहरुबाट संचालक पद संख्या ३(तीन) जना गरी ६(छ) जना संचालकहरुको निर्वाचन गर्ने (प्रचलित कानुन तथा बैंकको नियमावली समेत बमोजिम उपरोक्त कुल ६(छ) जना मध्ये एक जना महिला संचालकको लागि निर्वाचन हुने) विषय रहेकोमा सो को लागि कम्पनी सचिवले संचालक समितिको निर्वाचन गर्ने प्रयोजनको लागि संचालक समितिबाट अधिवक्ता श्री लीलामणि पौडेललाई निर्वाचन अधिकृत नियुक्ति गरिएको र वहाँले यस बैंकको संचालक निर्वाचन सम्पन्न गर्नु हुने जानकारी गराउँदै निर्वाचन अधिकृत अधिवक्ता श्री

KUMARI BANK LTD. CORPORATE OFFICE

लीलामणि पौडेललाई आवश्यक प्रक्रिया अघि बढाउन अनुरोध गर्नु भयो र तत्पश्चात निर्वाचन अधिकृतले पूर्व घोषित निर्वाचन कार्यक्रम अनुसार मतदानको प्रक्रिया प्रारम्भ गर्नुभयो ।

निर्वाचन अधिकृत अधिवक्ता श्री लीलामणि पौडेलले संचालक समितिले आफूलाई दिईएको जिम्मेवारी अनुसार देहायको कार्य गरेको व्यहोरा सभा समक्ष जानकारी गराउनु भयो ।

- मुलुकको प्रचलित कानून, बैंकको नियमावली, बैंकको निर्वाचन कार्यविधि निर्देशिका, २०८० समेतका आधारमा मिति २०८०/१०/२१ मा निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गरिएको ।

- उक्त कार्यतालिकामा बैंकको संचालक समितिमा प्रतिनिधित्व हुने संस्थापक समूहका शेयरधनीहरुबाट संचालक पद संख्या ३(तीन) तथा सर्वसाधारण समूहका शेयरधनीहरुबाट संचालक पद संख्या ३(तीन) जना गरी ६(छ) जना संचालकहरुको निर्वाचन गर्ने (प्रचलित कानुन तथा बैंकको नियमावली समेत बमोजिम उपरोक्त कुल ६ (छ) जना मध्ये एक जना महिला संचालकको लागि निर्वाचन हुने) प्रयोजनार्थ उम्मेदवारी मनोनयन गर्न मिति २०८०/१०/२३ गते विहान ११:०० बजे देखि १३:०० बजेसम्मको समय निर्धारण गरिएकोमा उक्त तोकिएको समय सीमा भित्र संस्थापक तर्फ ६(छ) जनाको उम्मेदवारी, सर्वसाधारण तर्फ २(दुई) जना महिला सहित ६(छ) जनाको गरी जम्मा १२(बाह्र) जनाको उम्मेवारी दर्ता भएको ।

- उक्त उम्मेदवारीमा दावी विरोध गर्ने समय मिति २०८०/१०/२३ गते विहान १५:०० बजेदेखि १७:०० बजेसम्मको समय निर्धारण गरिएकोमा उक्त समय सीमा भित्र प्राप्त दावी विरोधको निर्णय हुँदा दावी विरोध नपुग्ने निर्णय भएको । साथै सोही मिति २०८०/१०/२४ गते दिनको १२:०० बजेदेखि १७:०० बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्ने समय निर्धारण गरिएकोमा सो समय सीमा भित्र संस्थापक तर्फ १(एक) जना र सर्वसाधारण तर्फ १(एक) जना उम्मेदवारले नाम फिर्ता लिएकोले मिति २०८०/१०/२५ गते दिनको ११:०० बजे सम्ममा मनोनयन अनुसार संस्थापक तर्फ ५(पाँच) जना र सर्वसाधारण तर्फ ५(पाँच) जना उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरिएको ।

- मिति २०८०/१०/२८ गते मतदान कार्य शुरु हुनु भन्दा अघि अध्यक्षज्यूको अनुमतिले सर्वसाधारण शेयरधनी महिला तर्फका १(एक) जना महिला उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिएकोले सोही बमोजिम सर्वसाधारण शेयरधनी महिला तर्फ १(एक) जना मात्र महिला उम्मेदवारी बाँकी रहेकोले सर्वसाधारण तर्फ महिला संचालक पद संख्या १(एक) को लागि मतदान नहुने निर्विरोध निर्वाचित हुने जानकारी गरिएको ।
- निर्वाचन अधिकृतले निर्विरोध नभएका संचालक पदहरुको लागि मतदान प्रक्रिया शुरु गर्नु भएको ।

**निर्वाचन नतिजा:-** सभामा निर्धारित विषय सूची नं.(क)(५) बमोजिम बैंकको संचालक समितिमा प्रतिनिधित्व हुने संस्थापक समूहका शेयरधनीहरुबाट संचालक पद संख्या ३(तीन) तथा सर्वसाधारण समूहका शेयरधनीहरुबाट संचालक पद संख्या ३(तीन) जना गरी ६(छ) जना संचालकहरुको निर्वाचन गर्ने (प्रचलित कानुन तथा बैंकको नियमावली समेत बमोजिम उपरोक्त कुल ६(छ) जना मध्ये एक जना महिला संचालकको लागि निर्वाचन हुने) प्रयोजनार्थ भएको निर्वाचन अनुसार निर्वाचन अधिकृतले अन्तिम निर्वाचन परिणाम सभा समक्ष घोषित गर्दै विजयी उम्मेदवारहरुलाई निर्वाचित भएको प्रमाण पत्र प्रदान गर्नुभयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

*कुमारी बैंक लि., तेईसौं वार्षिक साधारण सभाको निर्णय विवरण (माईन्यूट) मिति : २०८०/१०/२८*

| क्र.सं. | संस्थापक समूह शेयरधनीबाट निर्वाचित संचालकको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|
| १. | अमिर प्रताप जं.ब.राणा | १०,१७,९७,९२४(दश करोड सत्र लाख सन्तानब्बे हजार नौ सय चौबिस) | निर्वाचित । |
| २. | विजय कुमार श्रेष्ठ | ८,८०,०८,८२०(आठ करोड असी लाख आठ हजार आठ सय विस) | निर्वाचित । |
| ३. | पशुपति मुरारका | ७,९२,०८,१६२(सात करोड बयानब्बे लाख आठ हजार एक सय बैसाठ्ठी) | निर्वाचित । |

| क्र.सं. | सर्वसाधारण समूह शेयरधनीबाट निर्वाचित संचालकको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|
| १. | महेश प्रसाद पोखरेल | २,८२,१४,३४०(दुई करोड बयासी लाख चौध हजार तीन सय चालिस) | निर्वाचित । |
| २. | राजाराम खड्का | २,७५,९०,९६७(दुई करोड पचहत्तर लाख नब्बे हजार नौ सय सत्साठ्ठी) | निर्वाचित । |
| ३. | सिम्रन अग्रवाल | निर्विरोध । | निर्विरोध निर्वाचित । |

**ग. विविध ।**

प्रस्ताव खण्डको (ग) को विविध शीर्षक अन्तर्गत केही नभएको ।

**१३) धन्यवाद ज्ञापन :**

अन्त्यमा, यस २३औं वार्षिक साधारण सभाको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिएको हुनाले अध्यक्षज्यूले तेईसौं वार्षिक साधारण सभामा सहभागी शेयरधनी महानुभावज्यूहरु, निवर्तमान संचालकज्यूहरु, पर्यवेक्षक प्रतिनिधि, शुभेच्छुक तथा बैंकको वार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नु हुने नियमनकारी निकायहरु, समस्त ग्राहक वर्ग, बैंक व्यवस्थापन समूह, निर्वाचन अधिकृत, सम्पूर्ण कर्मचारी लगायत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

**१४) सभा विसर्जन :**

अन्त्यमा, सभाका अध्यक्षज्यूले छलफल तथा निर्णय गर्नुपर्ने कुनै विषय बाँकी नभएकोले बैंकको तेईसौं वार्षिक साधारण सभा रातको १०:०० बजे विसर्जन भएको घोषणा गर्नुभयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

अश्विन बाबु श्रेष्ठ
कम्पनी सचिव

अमिर प्रताप ज.ब.राणा
अध्यक्ष

****************